# समृद्ध नेपाल निर्माणका आधार, चुनौती तथा सम्भावनाहरू



गौरीप्रसाद आचार्य*


## सारांश

समृद्ध नेपाल निर्माण हामी सबै नेपालीको साझा चाहना, आकाङ्क्षा एवम् वर्तमानको आवश्यकता पनि हो । यही आवश्यकता नै समृद्ध नेपाल निर्माणको आविष्कारक पनि हो । समृद्ध नेपाल एक बृहत्तर अवधारणा हो, जसभित्र सबै नेपालीको उन्नति र प्रगति अन्तरनिहित हुन्छ । आर्थिक रूपले सम्पन्न र आत्मनिर्भर, राजनीतिक रूपले लोकतान्त्रिक, स्थिर, सुशासनयुक्त र समावेशी शासन प्रणाली, सामाजिक रूपले सबैप्रकारका सामाजिक विभेदको अन्त्य, सबैङ्का लागि आधारभूत स्वास्थ्य सेवा, समतामूलक र न्यायपूर्ण समाजको स्थापना, शैक्षिक रूपले आम रूपमा पूर्ण शैक्षिक जागरण, वैदेशिक मामिलामा प्रभावकारी, सुरक्षा मामिलामा सबल एवम् सक्षम, सबैङ्का लागि समान अधिकार र अवसर, आधुनिक सूचना तथा सञ्चार र वैज्ञानिक प्रविधिको पूर्ण उपयोग, वातावरणीय दृष्टिले स्वच्छ र हराभरापूर्ण अवस्था नै वास्तवमा समृद्ध नेपाल हो । अर्थात् सबै नेपालीको आत्मसम्मान, आत्मपहिचान एवम् आत्मसन्तुष्टिको उच्चतम अवस्था नै समृद्ध नेपाल हो । राजनीतिक परिवर्तनले मात्र मुलुकको लोकतान्त्रिक पद्धतिलाई स्थायित्व दिन नसक्ने हुँदा आर्थिक कूटनीतिको प्रभावकारी उपयोगका माध्यमबाट आर्थिक विकास तथा आर्थिक समृद्धिमा जोड दिनु अहिलेको आवश्यकता हो । यसका लागि सामाजिक क्रान्तिलाई पनि सँगसँगै अघि बढाउनु आवश्यक छ । त्यस्तै समृद्ध नेपाल निर्माणका लागि स्थानीय सरकारको जनपरिचालनको शक्ति, निजी क्षेत्रको आर्थिक शक्ति, गैरसरकारी सङ्घसंस्थाको सामाजिक शक्ति र नागरिक समाजको दबाबमूलक शक्ति र केन्द्रीय सरकारको भय शक्तिको समुचित परिचालन र प्रभावकारी कार्यान्वयन हुनु जरुरी छ । यसका साथै दिगो विकास एवम् राष्ट्रको समृद्धिका लागि महत्त्वपूर्ण मानिने ४ ज (जल, जमिन, जङ्गल र जडिबुटी) को प्रभावकारी उपयोगमा जोड दिनुपर्दछ । हाम्रो आचरण, संस्कार र सोचमा आमूल परिवर्तन गर्दै सकारात्मक चिन्तन, व्यापक दृष्टिकोण, नवीन सोच, नयाँ विचार, ठोस योजना, भविष्यप्रतीको आशा र सामूहिक प्रयासबाट मात्र हामीले चाहे जस्तो, खोजे जस्तो र रोजे जस्तो सुन्दर, शान्त, समुन्नत, समतामूलक, सबल र समृद्ध लोकतान्त्रिक नेपालको निर्माण सम्भव हुन्छ ।


समृद्ध नेपाल एउटा बृहत्तर अवधारणा हो । यस अवधारणाले सबै क्षेत्रको उन्नति र प्रगतिलाई समेट्छ । शाब्दिक रूपमा समृद्ध भन्नाले उन्नतशील, उन्नत र सम्पन्न भन्ने बुझिन्छ तसर्थ समृद्ध नेपाल भन्नाले उन्नतशील, उन्नत, सबै चीजले भरिपूर्ण र सम्पन्न नेपाल भन्ने बुझिन्छ । अझ विस्तृत शब्दमा आर्थिक रूपले सम्पन्न र आत्मनिर्भर, राजनीतिक रूपले लोकतान्त्रिक, स्थिर, सुशासनयुक्त र समावेशी शासन प्रणाली, सामाजिक रूपले सबै प्रकारका सामाजिक विभेदको अन्त्य, सबैङ्का लागि आधारभूत स्वास्थ्य सेवा, समतामूलक र न्यायपूर्ण समाजको स्थापना, शैक्षिक रूपले आम रूपमा पूर्ण शैक्षिक जागरण, वैदेशिक

* नायव सुब्बा, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मामिलामा प्रभावकारी, सुरक्षा मामिलामा सबल एवम् सक्षम, सबैङ्का लागि समान अधिकार र अवसर, आधुनिक सूचना तथा सञ्चार र वैज्ञानिक प्रविधिको पूर्ण उपयोग, वातावरणीय दृष्टिले स्वच्छ र हराभरापूर्ण अवस्था नै वास्तवमा समृद्ध नेपाल हो । समग्रमा सबै नेपालीहरूको आत्मसम्मान, आत्मपहिचान एवम् आत्मसन्तुष्टिको उच्चतम अवस्था नै समृद्ध नेपाल हो ।

नेपाल हिमालयको मध्य छातीमा विशाल मुलुक चीन र भारतका बीचमा स्वतन्त्र भूपरिवेष्ठित राष्ट्रका रूपमा अवस्थित छ। नेपालले विश्वको क्षेत्रफलको ०.०३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भूभाग ओगट्छ। विश्वमा नेपाल तेस्रो ध्रुवको देश एवम् भगवान् गौतम बुद्धको जन्मभूमिका रूमा प्रसिद्ध छ। ऐतिहासिक रूपले नेपाल प्राचीन मुलुकका रूपमा सत्य युगमा 'सत्यवती', त्रेतायुगमा 'तपोवन', द्वापर युगमा 'मुक्तिसोपान' र कलियुगमा 'नेपाल' हुँदै हाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा स्थापित हुन पुगको छ। यति लामो ऐतिहासिक महत्त्व बोकेको मुलुक कहिल्यै समृद्ध हुन सकेन ।

समृद्ध नेपाल निर्माणलाई महाकवि लक्ष्मीप्रसाद देवकोटाले 'उद्देश्य के लिनु उडी छुनु चन्द्र एक' भनेझैँ हामी सबै नेपालीको महान् उद्देश्य, लक्ष्य एवम् प्रमुख गन्तव्य बनाउनुपर्दछ। यसका साथै यो सबै नेपालीको चाहना, इच्छा एवम् वर्तमानको आवश्यकता पनि हो । यही आवश्यकता नै नयाँ समृद्ध नेपाल निर्माणको आविष्कारक हो। समृद्ध हुने यस आकाङ्क्षाभित्र करोडौं नेपालीको उज्ज्वल भविष्यको संसार लुकेको छ। यो परिकल्पनाको संसारभित्र प्रत्येक नेपालीको उन्नति र प्रगति अन्तरनिहित छ। यी उन्नति र प्रगति हासिल गर्नका लागि राजनीतिक शक्तिको सर्वोपरि भूमिका हुन्छ। देशमा भएको राजनीतिक परिवर्तनपछि मुलुक सङ्घीयतामा प्रवेश गर्न लागेको अवसरमा नेपाल नरहे नेपाली रहन्न, नेपाल समृद्ध नभए नेपाली समृद्धशाली हुँदैन भन्ने वास्तविक तथ्यलाई हिमाल, पहाड, तराईमा बसोबास गर्ने सबै नेपालीले आत्मसात गर्नु आवश्यक छ। नेपाल नै नभए कसरी नेपाली हुने अनि नेपाली नभए कसरी नेपाल हुने। नेपाल हाम्रो शरीर हो। हामी नेपाली यसका प्राण हौं। हामीले सास फेरेसम्म यो बाँचिरहन्छ। हामी हाँसे यो हाँस्छ र हामी मरे यो मर्छ। त्यसैले हामी सबै नेपाली एउटै धुकधुकी र एउटै प्राण नभएसम्म नेपालले समृद्धि सम्भव छैन। नेपाल समृद्ध नभएसम्म हामी नेपाली पनि समृद्धशाली हुन सक्दैनौं। तसर्थ नेपाललाई समृद्ध बनाउने सामूहिक जिम्मेवारी एवम् कर्तव्य पनि नेपालीको हो। त्यसैले समृद्ध नेपाल हामी सबैङ्को साझा गन्तव्य हो। यो साझा गन्तव्यमा पुग्नका लागि हाम्रो सामूहिक अठोट र प्रयास उत्तिकै अपरिहार्य र अनिवार्य छ।

कैयौं वर्षदेखि समृद्ध हुने नेपाल र नेपालीको आकाङ्क्षा एवं चाहनाले साकार रूप लिन सकेको छैन। यही महान् आकाङ्क्षालाई मूर्त रूप दिने उद्देश्यले नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यका निर्देशक सिद्धान्तअन्तर्गत नेपाली जनताको सङ्घर्षको प्रतिफल स्वरूप प्राप्त लोकतन्त्रलाई संस्थागत गर्दै प्राप्त लाभको उपभोग गर्न पाउने अवस्थाको सिर्जना गर्दै समुन्नत र समृद्ध नेपाल निर्माण गर्ने राज्यको राजनीतिक उद्देश्य हुने व्यवस्था गरेको छ।

समृद्ध नेपाल निर्माण गर्ने संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्ने उद्देश्यका साथ नेपालको अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७) ले पनि समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्ने दीर्घकालीन सोच बनाएको छ। समृद्ध नेपालको परिकल्पनाले साँच्चिकै व्यवहारमा मूर्त रूप लिन सकेमा नेपाल आर्थिक रूपले आत्मनिर्भर हुँदै निरपेक्ष गरिबीको रेखाबाट मुक्त हुनेछ। गरिब र धनी बीचको खाडल कम हुनेछ। व्यक्ति-व्यक्ति, व्यक्ति-समुदाय र राज्यबीचको सम्बन्ध र व्यवहारमा सुधार आउनेछ। सबै नेपालीलाई आफ्नो क्षमताको उपयोगका लागि कानुनी रूपमा समान अधिकार र आर्थिक तथा सामाजिक अवसर प्राप्त हुनेछ। जनताको समग्र जीवनस्तरमा परिवर्तन हुने, व्यवहारमा सुधार आउने र उपयुक्त प्रविधि तथा नवीनतम अवधारणाहरू ग्रहण तथा उपयोग गर्ने स्थिति रहनेछ। सबै प्रकारका विभेद र असमानता अन्त्य हुनुका साथै सामाजिक न्याय, आधारभूत मानव अधिकारको प्रत्याभूति र सुशासनको स्थिति आउनेछ। नेपाल अन्तर्राष्ट्रिय समुदायमा प्रतिष्ठित सदस्यका रूपमा स्थापित हुनेछ।

त्रिवर्षीय योजना (२०६७/०६८-२०६६९/०७०) को आधारपत्र, २०६७ ले पनि नेपाललाई अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा रूपान्तरण गरी समृद्ध, शान्त, न्यायपूर्ण नेपाल बनाउने दीर्घकालीन सोच राखेको छ । यस सोचले सार्थक परिणाम दिन सकेमा नेपालमा उच्च आर्थिक वृद्धि हासिल भई गरिबीको रेखामुनि रहेका जनता न्यून रूपमा रहनेछन् र नेपाल समृद्ध आधुनिक राष्ट्रका रूपमा विकास हुनेछ । देशका सबै क्षेत्रमा शान्ति, सुशासन कायम हुनेछ । सबै नेपालीले आफ्नो भविष्य सुनिश्चित गर्नका लागि समान अवसर उपयोग गरेको अवस्था हुनेछ । समाजमा कानुनी, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, आर्थिक, जातीय, लैङ्गिक, शारीरिक, भौगोलिक सबै प्रकारका विभेद र असमानता अन्त्य हुनेछ । त्यस्तै सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटले पनि समृद्ध नेपाल निर्माणमा जोड दिँदै आएको छ । यसरी आवधिक योजना, सरकारको वार्षिक नीति तथा कार्यक्रम एवम् बजेटले समृद्ध नेपाल निर्माणमा जोड दिँदै आए तापनि त्यसको अनुभूति अझै गर्न नसकिएको हुँदा इमान्दारीपूर्वक कार्यान्वयनमा जोड दिनु आवश्यक छ ।

## समृद्ध नेपाल निर्माणका आधारहरू

विश्व अर्थतन्त्रमा अपनाइएको आर्थिक उदारीकरण, खुला बजार र विश्वव्यापीकरणका कारण सबै क्षेत्रमा आर्थिक विषयले महत्त्व पाउन थालेको छ । राजनीतिक विषयको प्रभाव देशभित्रै सीमित हुन्छ भने आर्थिक विषयको प्रभाव विश्वव्यापी हुने कारणले पनि राजनीतिक विषयमाथि आर्थिक विषयले प्रभुत्व जमाएको हो । २१ औं शताब्दीको परिवर्तित सन्दर्भमा विश्व नै अन्तरसम्बन्धित र अन्तरनिर्भर भएर चलिरहेकोले नेपाल पनि यस अवधारणाबाट अलग्गिएर बस्न सक्दैन । आर्थिक विषयले जनताको जीवनयापनसँग प्रत्यक्ष सम्बन्ध राख्दछ । जनताको जीवनस्तर उकास्ने एकमात्र उपाय आर्थिक समृद्धि हो । तसर्थ आर्थिक समृद्धि नै समृद्ध नेपाल निर्माणको मूल आधार हो । यसको अभावमा राष्ट्रले वाञ्छित प्रगति हासिल गर्न सक्दैन ।

२१ औं शताब्दी आर्थिक समृद्धि हासिल गर्ने युग हो । आज अन्तर्राष्ट्रिय क्षेत्रमा कुनै पनि देशको स्थिति के छ भन्ने कुरा त्यस देशको आर्थिक समृद्धि वा सामर्थ्यमा निर्भर रहेको छ । यो स्वतःसिद्ध हो कि कुनै पनि राष्ट्र आकार, जनसङ्ख्या र ऐतिहासिक रूपमा जेसुकै भए पनि एउटा ठोस र समृद्ध अर्थतन्त्रविना विश्वको प्रमुख शक्ति हुन सक्दैन । यसै तथ्यलाई आत्मसात गर्दै संयुक्त राज्य अमेरिका र चीन वैचारिक भिन्नताका बीच पनि आर्थिक हितका विषयमा एकअर्काका साझेदार राष्ट्र हुन । त्यस्तै चीन र भारत पनि आपसी मतभेदका बीच आर्थिक हितका विषयमा एकआपसमा हातेमालो गर्दै अगाडि बढ्दै छन् । यसरी विश्वका शक्तिशाली राष्ट्रहरूले आर्थिक समृद्धिका लागि आफ्नो पहिचानका रूपमा रहेको राजनीतिक चिन्तन र मान्यतालाई समेत परिवर्तन गरेका छन् । यसबाट पाठ सिकेर नेपालका सबै राजनीतिक पार्टीले राजनीतिक वाद र दर्शनभन्दा माथि उठेर मुलुकको आर्थिक हित वा समृद्धि हासिल गर्ने विषयमा एउटै व्यापक दृष्टिकोण निर्माण गर्नु अपरिहार्य छ । त्यसैले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आर्थिक समृद्धि हासिल गर्ने विषयको सर्वोपरी महत्त्व छ ।

विश्वमा आर्थिक शक्तिको प्रभाव बढ्दै गएको परिप्रेक्षमा आर्थिक समृद्धिविना मुलुकले समृद्धि हासिल गर्न प्रायः असम्भव मानिन्छ । आर्थिक समृद्धिको विकल्प भनेको अझ बढी समृद्धि नै हो । राजनीतिक परिवर्तनले मात्र मुलुकको लोकतान्त्रिक पद्धतिलाई स्थायित्व दिन नसक्ने हुँदा आर्थिक विकास तथा आर्थिक समृद्धि अहिलेको आवश्यकता हो । त्यसैले समृद्ध नेपाल निर्माणको गन्तव्यमा पुग्नका लागि आर्थिक क्रान्तिका माध्यमबाट आर्थिक समृद्धिको मार्ग फराकिलो पार्नु आवश्यक छ । आर्थिक समृद्धि हासिल गर्नका लागि प्राकृतिक स्रोतसाधनको प्रभावकारी उपयोग, विकासमा युवाहरूको परिचालन, निजी तथा सहकारी क्षेत्रको प्रभावकारी भूमिका, आर्थिक कूटनीतिका माध्यमबाट व्यापार, लगानी, प्रविधि हस्तान्तरण, वैदेशिक सहयोग, पर्यटनको प्रवर्द्धन, मानव संसाधनको विकास, वैदेशिक रोजगारमा जोड दिँदै नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई समृद्ध नेपाल निर्माणमा केन्द्रित गर्नुपनि जरुरी छ ।

राज्य निर्माणको आधार राजनीति हो । राजनीतिक शक्ति सबै शक्तिको मेरुदण्ड पनि हो । आर्थिक समृद्धि साध्य हो भने राजनीतिक इच्छाशक्ति साधन हो । राजनीतिक इच्छाशक्ति समृद्ध नेपाल निर्माणका लागि सबैभन्दा शक्तिशाली अस्त्र हो । राजनीतिक क्षेत्रको सक्षमतामा नै सबै क्षेत्रको प्रगति तथा उन्नति निर्भर गर्दछ । अर्थात् राजनीतिक प्रणालीको सबलता, सुनिश्चितता एवम् इमानदारीले राज्यका अन्य संयन्त्रलाई स्वाभाविक रूपमा आफ्नो भूमिका परिचालित गर्न सघाउँछ । त्यसकारण राजनीतिक इच्छा शक्ति एवम् स्थायित्व नै समृद्ध नेपाल निर्माणका लागि पहिलो आवश्यकता हो ।

नेपाल सानो मुलुक भए पनि अपार प्राकृतिक स्रोतसाधनले भरिपूर्ण देश हो । नेपालको पहिलो र महत्त्वपूर्ण प्राकृतिक स्रोतसाधन तथा आर्थिक समृद्धिको प्रमुख आधार जलस्रोतको उपयोग हो । जलस्रोतको क्षेत्रमा नेपाल ब्राजिलपछिको दोस्रो र एसियाको पहिलो धनी राष्ट्र हो । जलस्रोतले नेपाल र नेपालीको भविष्य सुन्दर र उज्ज्वल बनाउन सहयोग पुऱ्याउँछ । निर्मल जल नेपालको बल भएकोले देशमा आर्थिक समृद्धि ल्याउने र देशवासीको आर्थिक स्तर उठाउने निर्विकल्प उपाय हो । तसर्थ जलस्रोतको प्रभावकारी उपयोगका माध्यमबाट ऊर्जा विकासमा जोड दिनु आवश्यक छ । विद्युत् ऊर्जाको कृषि, पर्यटन, उद्योग एवम् आर्थिक, सामाजिक क्षेत्रहरूको विकासमा महत्त्वपूर्ण भूमिका रहन्छ । अपार जलविद्युत् उत्पादन क्षमता रहेको मुलुकका रूपमा परिचित नेपालको सम्भाव्य उत्पादन क्षमता ८३,००० मेगावाट देखिए पनि आर्थिक तथा प्राविधिक दृष्टिले ४२,००० मेगावाट उत्पादन योग्य देखिन्छ । सोमध्ये हालसम्मको उत्पादन ६५० मेगावाट मात्र रहेको छ । सेतो सुनका रूपमा रहेको जलस्रोतको समुचित परिचालन र उपयोग नहुनु आफैँमा विडम्बना हो । त्यसैले भनिन्छ, प्राकृतिक स्रोतसाधन हुँदैमा कुनै राष्ट्र शक्तिशाली मानिँदैन, राष्ट्रको सामर्थ्य त्यसको उपयोगमा निर्भर गर्दछ । जलविद्युत् ऊर्जा पानीलाई पुँजीमा अर्थात् तरल सुनमा परिणत गर्ने माध्यम पनि हो । त्यसैले आर्थिक समृद्धिका लागि ऊर्जा विकास पहिलो आवश्यकता हो । जलस्रोतको प्रभावकारी उपयोगका लागि स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्न दीर्घकालीन ऊर्जा विकासको नीति तर्जुमा गरी कार्यान्वयनमा जोड दिनु जरुरी छ ।

आर्थिक समृद्धिका लागि अर्को महत्त्वपूर्ण आधार कृषि क्षेत्रका रूपान्तरण हो । पछिल्लो सर्वेक्षणअनुसार ७३.९ प्रतिशत जनताको आयआर्जनको मुख्य स्रोतका रूपमा कृषि क्षेत्र रहेको र मुलुकको कुल गार्हस्थ्य उत्पादनमा योगदान एकतिहाइभन्दा बढी रहेको परिप्रेक्षमा कृषि क्रान्तिविना नेपालको विकास सम्भव छैन । निर्वाहमुखी कृषिक्षेत्रमा आमूल संरचनात्मक परिवर्तन गर्दै त्यसको व्यवसायीकरण र आधुनिकीकरणका लागि ठूलो लगानी गर्नु आवश्यक छ । खास गरी शिक्षित र युवा वर्गलाई यसतर्फ आकर्षित गर्नु जरुरी छ । कृषि क्षेत्र ग्रामीण अर्थतन्त्रको मेरुदण्ड तथा बहुसङ्ख्यक नेपाली जनताको आय तथा रोजगारीको आधारस्तम्भ भएकोले कृषिक्षेत्रको उत्पादन वृद्धि गर्न उन्नत मल, बीउ तथा किटनाशक औषधिहरू पर्याप्त मात्रामा सबै क्षेत्रमा उपलब्ध हुनुपर्ने, कृषि उपजका लागि बजारको पहुँच, बहुबाली उत्पादन गर्न सक्ने सिंचाई सुविधा र कृषिसम्बन्धी प्राविधिक सेवा सर्वसुलभ हुनु जरुरी छ । कृषिक्रान्तिविना आर्थिक समृद्धि सम्भव नहुने हुँदा मुलुकको समृद्धिको मुख्य आधार पनि कृषि नै हो । तसर्थ कृषि क्षेत्रको विकास नै दिगो आर्थिक विकासको मेरुदण्ड हो भन्ने तथ्यलाई आत्मसात गर्दै दीर्घकालीन कृषि योजनाको कार्यान्वयनमा जोड दिनु आवश्यक छ ।

पर्यटन क्षेत्रलाई विश्वमा नै अर्थतन्त्रको महत्त्वपूर्ण आधारका रूपमा लिइन्छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान २.३ प्रतिशत रहेकोले पर्यटन क्षेत्र आर्थिक समृद्धिको अर्को सशक्त आधार हो । यस क्षेत्रले रोजगारी वृद्धि र समग्र विदेशी मुद्रा आर्जनका आधारमा आर्थिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण टेवा पुऱ्याउँछ । हामी नेपाल पर्यटन वर्ष २०११ को सँघारमा छौं । यसैले पनि पर्यटन प्रवर्द्धनमा जोड दिनु आवश्यक छ ।

वैदेशिक व्यापार देशको आर्थिक विकासको प्रमुख संवाहक हो । यसका साथै व्यापार विश्वव्यापीकरणको प्रमुख आयाम तथा आर्थिक विकासको इन्जिन हो । वैदेशिक व्यापारबाट नै देशभित्र प्रतिस्पर्धात्मक र

तुलनात्मक लाभका क्षेत्रहरूको अत्याधिक विकास, परिचालन र उपयोग गर्न सकिन्छ । उत्पादन, निर्यात व्यापार, रोजगारी, विदेशी मुद्रा आर्जनमा वृद्धि गरी अर्थतन्त्रलाई सुदृढ बनाउन वैदेशिक व्यापारको महत्त्वपूर्ण भूमिका रहन्छ । वर्तमान समयमा वैदेशिक सहायताको सट्टा व्यापार (ट्रेड नट एड) भन्ने अवधारणा अगाडि बढिरहेको छ । आगामी दिनमा कम विकसित देशहरूका लागि वैदेशिक सहायताको भरपर्दो विकल्प निर्यात व्यापार नै हो । विश्व बजारमा नेपालको वैदेशिक व्यापारले अत्यन्त सानो हिस्सा ओगटेको छ । नेपालको कुल गार्हस्थ्य उत्पादनमा निर्यातको हिस्सा ८ प्रतिशत र आयातको हिस्सा २६ प्रतिशत रहेको छ । World Trade Statistics, 2009 ले विश्वको कुल निर्यातमा नेपालको हिस्सा ०.०१ प्रतिशत मात्र रहेको देखाएबाट पनि व्यापार क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिनु आवश्यक छ । निर्यात व्यापार बढाउन देशगत र वस्तुगत व्यापार विविधीकरण गर्ने, औद्योगिक उत्पादनमा वृद्धि, निजी क्षेत्रसँग सहकार्य, कूटनीतिक नियोगहरूलाई परिचालन गर्नुपर्दछ ।

वैदेशिक लगानी आर्थिक कूटनीतिको अर्को महत्त्वपूर्ण अङ्श हो । वैदेशिक लगानीले पुँजी, आधुनिक प्रविधि, व्यवस्थापन र प्राविधिक सीप, अन्तर्राष्ट्रिय बजारमा पहुँच तथा प्रतिस्पर्धात्मक व्यावसायिक संस्कारको विकासको माध्यमद्वारा आर्थिक समृद्धि हासिल गर्नमा सहयोग पुऱ्याउँछ । वैदेशिक लगानीमा हाम्रा दुई छिमेकी मुलुक चीन र भारत अग्रणी स्थानमा रहेको परिप्रेक्षमा नेपालले पनि वैदेशिक लगानीमैत्री वातावरण तयार गरी वैदेशिक लगानी भित्र्याउनेतर्फ जोड दिनु आवश्यक छ ।

वैदेशिक रोजगारको प्रवर्द्धन आर्थिक कूटनीतिको अर्को महत्त्वपूर्ण तत्त्व हो । वैदेशिक रोजगारमा जाने नेपालीहरूबाट प्राप्त विप्रेषण रकमले कुल गार्हस्थ्य उत्पादनको करिब २० प्रतिशतको हाराहारीमा योगदान पुऱ्याएको छ । तसर्थ आर्थिक समृद्धिका लागि वैदेशिक रोजगार अर्को महत्त्वपूर्ण आधारशीला हो । त्यस्तै वैदेशिक सहयोगको अधिकतम परिचालन र उपयोगमा पनि जोड दिँदै निश्चित क्षेत्रमा मात्र वैदेशिक सहयोग लिने परिपाटीको विकास गर्नु आवश्यक छ । वैदेशिक सहयोगप्रतीको निर्भरता क्रमशः घटाउँदै लैजानु जरुरी छ ।

जनताको मौलिक अधिकारका रूपमा रहेको शिक्षा उन्नति र समृद्धिको अर्को मुख्य आधार हो । त्यसैले जीवनोपयोगी, रोजगारमूलक र व्यावसायिक शिक्षा आजको आवश्यकता हो । यसै गरी समृद्ध नेपाल निर्माणका लागि सडक, यातायात, सूचना तथा सञ्चार क्षेत्र जस्ता पूर्वाधारको विकास महत्त्वपूर्ण हुन्छ । सहर ग्रामीण विकासको इन्जिन हो भने ग्रामीण पूर्वाधार सन्तुलित र समतामूलक विकासको आधार भएकोले गाउँ नगर अन्तरसम्बन्धका माध्यमबाट ग्रामीण क्षेत्रको विकासमा जोड दिनु आवश्यक छ ।

राजनीति र प्रशासनबीचको सम्बन्ध पनि समृद्ध नेपालको अर्को मुख्य आधार हो । राजनीति र प्रशासनबीचको अन्योन्याश्रित सम्बन्ध र प्रभावकारी साझेदारीले सेवाप्रवाहमा प्रभावकारिता ल्याई जनविश्वास बढाउँदै जनता र सरकारबीच भावनात्मक सम्बन्ध निर्माणमा सहयोग पुऱ्याउँछ, जुन सम्बन्धले समृद्ध नेपाल निर्माणको परिकल्पनालाई व्यवहारमा उतार्न ठूलो टेवा पुऱ्याउँछ ।

निजी र सहकारी क्षेत्र राष्ट्रिय अर्थतन्त्रका प्रमुख साझेदार हुन् । निजी क्षेत्रमा रहेको पुँजी, उद्यमशीलता, सिर्जनशीलता र सहकारी क्षेत्रमा रहेको सामूहिक पुँजीको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान रहने हुँदा आर्थिक समृद्धिका लागि निजी, सहकारी र सार्वजनिक-निजी साझेदारीको भूमिकाले दूरगामी महत्त्व राख्छ । तसर्थ निजी, सहकारी र सरकारी क्षेत्रबीचको त्रिकोणात्मक सम्बन्ध एवम् साझेदारीले समृद्ध नेपाल निर्माणका लागि प्रभावकारी भूमिका खेल्छ ।

समृद्ध नेपाल निर्माणका लागि सूचना प्रविधिको विकास, समावेशी विकास, सहरी तथा ग्रामीण क्षेत्रको विकासमा जोड दिनु पनि उत्तिकै आवश्यक छ । समावेशी विकासको अवधारणा अवलम्बन गरी देशमा सन्तुलित विकास गर्न सकिन्छ भन्ने विश्वव्यापी मान्यता बढ्दै गएको परिप्रेक्षमा समावेशीकरणले राष्ट्रिय एकता एवम् सांस्कृतिक बहुलताको प्रवर्द्धन गरी नागरिकको समुन्नत जीवनस्तर उकास्न पनि सहयोग पुऱ्याउँछ । यसका साथै विकेन्द्रीकरण र पूर्ण निक्षेपणमा जोड दिँदै सबैङ्को समृद्धिका लागि समान

अधिकार र अवसरको सिर्जना गर्न सकेमा निश्चय नै आर्थिक समृद्धिका माध्यमबाट समृद्ध नेपाल निर्माणको परिकल्पनालाई व्यवहारमा उतार्न सकिन्छ ।

दिगो विकास समृद्ध नेपाल निर्माणका लागि अर्को आधार हो । दिगो विकास बहुक्षेत्रगत प्रभाव पार्ने विषय भएकोले यससँग प्रत्येकको सुख, समृद्धि र बाँच्ने आशाको सुनिश्चितता जोडिएको हुन्छ । त्यसैले दिगो विकास एवम् राष्ट्रको समृद्धिका लागि महत्त्वपूर्ण मानिने ४ ज (जल, जमिन, जङ्गल र जडिबुटी) को प्रभावकारी उपयोगमा जोड दिनु जरुरी छ ।

शान्ति, विकास र समृद्धि एकअर्काका परिपूरक हुन् । शान्तिविना विकास र समृद्धि सम्भव छैन भने विकास र समृद्धिविना दिगो शान्ति कायम हुन सक्दैन । तसर्थ मुलुकमा दिगो शान्ति कायम गर्दै मुलुकको राजनीतिक, आर्थिक र सामाजिक रूपान्तरण हुने गरी समतामुखी संविधान तोकिएको समयमा जारी हुनु अर्को आवश्यकता हो । यसका साथै सुशासनको अभिवृद्धिका लागि सरकार, नीति निर्माता, कार्यान्वयन गर्ने प्रशासनिक संयन्त्र सबैङ्को समान प्रतिबद्धता चाहिन्छ । राजनीतिक तहमा आगामी यति समयमा यस्तो तहको आर्थिक विकास गर्ने भन्ने विषयमा न्यूनतम साझा सहमति हुन जरुरी छ भने त्यसको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारीतन्त्रमा व्यावसायिक प्रतिबद्धता हुनु पनि आवश्यक छ ।

## समृद्ध नेपाल निर्माणका समस्या एवम् चुनौतीहरू

राजनीतिक अस्थिरता, आर्थिक परनिर्भरता, अल्पविकास, आर्थिक पछौटेपन, आर्थिक वृद्धि सबै क्षेत्रीय हुन नसकेको तथा आर्थिक वितरण समन्यायिक हुन नसकेको, निरपेक्ष गरिबी, वैदेशिक सहयोगको दुरूपयोग, वैदेशिक लगानीमा आएको शिथिलता, खस्किँदो औद्योगिक वातावरण, लगानीमैत्री वातावरणको अभाव, पुँजी पलायनको अवस्था, पूर्वाधार विकासका लागि गरिने लगानीमा शिथिलता, बढ्दो व्यापार घाटा, व्यापार विविधीकरणको क्षेत्रमा नेपालको कमजोर प्रतिस्पर्धात्मक क्षमता, निर्वाहमुखी कृषि प्रणाली, व्याप्त बेरोजगारी र अर्ध बेरोजगारी, गरिब र धनीबीचको बढ्दो असमानता र विभेद, भौतिक पूर्वाधारको कमी, सार्वजनिक शिक्षाको गुणस्तरहीनता र शैक्षिक विभेद, भ्रष्टाचार र सार्वजनिक सेवाप्रवाहको अत्यन्त कमजोर अवस्था, विकास खर्च गर्ने क्षमताको अभाव, स्थानीय निकायको अभावमा विकास कार्यक्रमहरूको कार्यान्वयन हुन नसक्ने अवस्था, विकास योजनाको कार्यान्वयनमा भनाइ र गराइबीचको बढ्दो खाडल, राजनीति र प्रशासन बीचको बढ्दो अविश्वास जस्ता तत्त्वहरूले आर्थिक समृद्धि तथा समृद्ध नेपाल निर्माणमा बाधा सिर्जना गर्ने भएकोले यी समस्या एवम् चुनौतीलाई चिर्दै अगाडि बढ्नु आवश्यक छ ।

## समृद्ध नेपाल निर्माणका सम्भावनाहरू/अवसरहरू

विश्वमा नेपाल सम्भवतः एउटामात्र त्यस्तो देश हो, जससँग आर्थिक उन्नतिका सयौँ सम्भावनाहरू छन् । नेपालको जलवायु, भूबनोट र प्राकृतिक स्रोतसाधनहरू सबै नेपालीलाई वैभवशाली बनाउन पर्याप्त छन् । हाम्रा सन्दर्भमा सूचना प्रविधिलाई विकासको मूल उत्प्रेरक र निर्यात व्यापारको सम्भावना भएको क्षेत्रका रूपमा मानिन्छ । प्रचुर मात्रामा प्राकृतिक स्रोत र साधनको उपलब्धता एवम् परिचालनको सम्भावना रहेको आर्थिक, सामाजिक र राजनीतिक परिवर्तनका प्रमुख संवाहक युवाहरूको (१६-४० वर्ष) जनसङ्ख्या कुल जनसङ्ख्याको ३८.८५ प्रतिशत रहनुले देश विकासका लागि आवश्यक मानव पुँजी उपलब्ध रहेको, जलस्रोत र उद्योगका क्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सकिने सम्भावना रहेको छ ।

देशमा गतिशील एवम् सबल हुँद} गइरहेको नागरिक समाज तथा गैरसरकारी क्षेत्र विकास प्रक्रियाका लागि सहयोगी हुने अवस्था रहेको, लगानीका लागि निजी क्षेत्र सक्षम र उत्साहित रहेको, विदेश स्थित नेपाली कूटनीतिक नियोगहरूको सङ्ख्या बढ्दै गएको र आर्थिक कूटनीति वैदेशिक नीतिका माध्यमबाट राष्ट्रिय हित प्रवर्द्धन गर्ने प्रमुख माध्यम भएको अवस्था, विदेशमा कार्यरत नेपालीहरूबाट बर्सेनी भित्रिने विदेशी

रकमलाई लगानी गर्न सक्ने अवस्था रहनुका साथै गैरआवासीय नेपालीहरूसमेत मुलुकको निर्माणमा योगदान गर्न इच्छुक रहनुले राष्ट्र विकासमा सम्भावना बढेको, निरन्तर रूपले उच्च आर्थिक वृद्धिदर हासिल गरेका दुई ठूला छिमेकी राष्ट्रमा भइरहेको आर्थिक विकासबाट पनि नेपालले प्रशस्त लाभ लिन सक्ने अवस्था रहेको, बढ्दो जनचेतना र अधिकार प्राप्तिको चाहनालाई सकारात्मक ऊर्जामा रूपान्तरण गरी प्रत्येक नेपालीको अधिकतम क्षमताको विकास गरी समृद्ध एवम् समुन्नत नेपाल निर्माण गर्न सकिन्छ ।

हाम्रो जस्तै आर्थिक अवस्था रहेका छिमेकीलगायत विश्वका धेरै मुलुकले आर्थिक विकासका क्षेत्रमा ठूलो फड्को मारिसकेका छन् । छोटो समयमा आर्थिक विकासमा उल्लेख्य सफलता हासिल गरेका मलेसिया, सिङ्गापुर र दक्षिण कोरियाबाट शिक्षा लिनु उपयुक्त हुन्छ । हाम्रो देशसँगै स्वतन्त्र भएका ती देश आज हामी नेपालीका लागि महत्त्वपूर्ण रोजगार गन्तव्य बनेका छन् । छिमेकी मुलुक भारतको आर्थिक विकासमा पछाडि परेको विहार राज्यले पछिल्लोपटक हासिल गरेको १०-११ प्रतिशतको आर्थिक वृद्धिदर हाम्रा लागि अर्को उदाहरण हुन सक्छ । यी अनुभवले पनि हाम्रो आर्थिक विकासको सम्भावना बढाउँदै लगेको हुँदा यसको अनुशरण हामीले गर्नै पर्छ ।

त्यस्तै नेपाल विश्व व्यापार सङ्गठनको सदस्य भएको, क्षेत्रीय स्तरमा साफ्टा तथा बिमस्टेक जस्ता क्षेत्रीय व्यापार सञ्जालमा आबद्ध हुन पुगेको र विश्वव्यापीकरणको बढ्दो प्रभावबाट सिर्जित अवसरहरूको प्रभावकारी उपयोग हुन सकेमा आर्थिक समृद्धि हासिल गर्न सकिन्छ । यी प्रत्येक सम्भावना आफैँमा यस्ता राम्रा सम्भावना र अवसरहरू हुन्, जसमध्ये एउटालाई मात्र यथोचित विकास, व्यवस्थापन र बिस्तार गर्ने हो भने देशको आर्थिक विकासमा कायापलट हुन गई समृद्ध नेपाल निर्माण गर्न केही वर्षमात्र लाग्छ तर खाँचो भनेको दृढ राजनीतिक इच्छाशक्ति र कार्यान्वयनप्रतीको प्रतिबद्धतामात्र हो ।

## उपसंहार

आर्थिक रूपले सम्पन्न र आत्मनिर्भर, राजनीतिक रूपले लोकतान्त्रिक, स्थिर, सुशासनयुक्त शासन प्रणाली र समावेशी शासन प्रणाली, सामाजिक रूपले सबैप्रकारका सामाजिक विभेदको अन्त्य, सबैङ्का लागि आधारभूत स्वास्थ्य सेवा, समतामूलक र न्यायपूर्ण समाजको स्थापना, शैक्षिक रूपले आम रूपमा पूर्ण शैक्षिक जागरण, सुरक्षा मामिलामा सबल एवम् सक्षम, अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी भूमिका र सबैङ्का लागि समान अधिकार र अवसर, आधुनिक सूचना तथा सञ्चार र वैज्ञानिक प्रविधिको पूर्ण उपयोग, वातावरणीय दृष्टिले स्वच्छ र हराभरापूर्ण अवस्था नै समृद्ध नेपाल हो । २१ औँ शताब्दी आर्थिक हितको खोजी गर्ने युग भएकोले आर्थिक समृद्धिविना राजनीतिक परिवर्तन दिगो नहुने र यस परिवर्तनसँगै चुलिएका जनआकाङ्क्षा पनि पूरा नहुने भएकोले आर्थिक कूटनीतिको प्रभावकारी उपयोगका माध्यमबाट आर्थिक समृद्धिमा जोड दिनु आवश्यक छ । यसका साथै राजनीतिक, सामाजिक, र आर्थिक क्रान्तिलाई सँगसँगै अघि बढाएर मात्र दिगो शान्ति कायम गर्न सकिन्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै गाँस, बास, कपास, उपचारको अभाव, गरिबी, बेरोजगारी, अशिक्षा, अन्धविश्वास र असमानताको अन्त्य गर्दै देशलाई जनचाहनाबमोजिम आर्थिक र सामाजिक रूपले समुन्नत एवम् समृद्ध नेपाल निर्माण गर्नु हामी सबैङ्को साझा गन्तव्य हो । यस गन्तव्यमा सहज रूपले अवतरण गर्न हामी नेपालीबीचको सद्भाव, सहयोग, सहमति, एकता एवम् हाम्रो साझा दृष्टिकोण, तत्परता र सक्रियतामा मात्र सम्भव छ । तसर्थ लोकतान्त्रिक मूल्यमान्यताका आधारमा स्वाधीन, स्वतन्त्र र आत्मनिर्भर समृद्ध नेपाल निर्माण गर्नु हामी सबैङ्को साझा जिम्मेवारी हो । यो गहन जिम्मेवारीलाई गहन रूपले वहन गर्दै समृद्ध नेपालको परिकल्पनालाई साकार रूप दिन सबै राजनीतिक दल, सरकार, गैरसरकारी तथा व्यावसायिक सङ्घसंस्था, स्थानीय निकाय, नागरिक समाज, युवावर्ग, उद्यमी, व्यवसायी, पेसाकर्मी, सञ्चारकर्मी र कर्मचारीतन्त्रको भूमिका महत्त्वपूर्ण रहन्छ ।

राष्ट्रको समृद्धिका लागि महत्त्वपूर्ण मानिने ४ ज (जल, जमिन, जङ्गल र जडिबुटी) को प्रभावकारी उपयोगमा जोड दिनु पनि उत्तिकै जरुरी छ। समृद्ध नेपाल निर्माणका लागि स्थानीय सरकारको जनपरिचालनको शक्ति, निजी क्षेत्रको आर्थिक शक्ति, गैरसरकारी सङ्घसंस्थाको सामाजिक शक्ति र नागरिक समाजको दबाबमूलक शक्ति र केन्द्रीय सरकारको भय शक्तिको समुचित परिचालन र प्रभावकारी कार्यान्वयन हुनु आवश्यक छ। अझ राजनीतिक शक्तिका परिचालक राजनीतिक पार्टीहरूले विगतका रिक्तता र तिक्ततालाई बिर्सेर राष्ट्र र जनताको बृहत्तर हितलाई केन्द्रविन्दुमा राखी माछापुच्छ्रे हिमालको निश्चल र अटल प्रतिबिम्ब फेवातालमा झल्किए जस्तै समृद्ध नेपाल निर्माणको महान् लक्ष्यलाई सार्थक बनाउन उच्च, निश्चल र अटल किसिमको आपसी सहमति, सहकार्य र साझेदारी कायम गर्दै मन, वचन र कर्मले समर्पित हुनु आजको मुलुकको आवश्यकता, चुनौती तथा अवसर पनि हो। त्यस्तै हाम्रो आचरण, संस्कार र सोचमा आमूल परिवर्तन गर्दै सकारात्मक चिन्तन, व्यापक दृष्टिकोण, नवीन सोच, नयाँ विचार, ठोस योजना, भविष्यप्रतीको आशा र सामूहिक प्रयासबाट मात्र हामीले चाहेजस्तो, खोजेजस्तो र रोजेजस्तो सुन्दर, शान्त, समुन्नत, समतामूलक, सबल र समृद्ध लोकतान्त्रिक नेपालको निर्माण सम्भव हुन सक्छ।

## सन्दर्भ सामग्रीहरू


आचार्य, गौरीप्रसाद, 'समृद्ध नेपाल : हाम्रो गन्तव्य', युवा बुलेटिन, अङ्क १०, २०६७, काठमाडौँ, युवा तथा खेलकुद मन्त्रालय,

ढुङ्गाना, शिशिरकुमार, (२०६७ असार ४), 'राजनीतिक सङ्क्रमणमा आर्थिक विकास', गोरखापत्र, काठमाडौँ, गोरखापत्र संस्थान।

- - -, नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौँ, नेपाल कानुन किताब समिति।

- - -, तीन वर्षीय नेपालको अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७), काठमाडौँ, राष्ट्रिय योजना आयोग।

- - -, त्रिवर्षीय योजना (२०६७/०६८-२०६९/०७०) को आधारपत्र २०६७, काठमाडौँ, राष्ट्रिय योजना आयोग।

- - -, बजेट वक्तव्य २०६५/६६, र २०६६/६७, काठमाडौँ, अर्थ मन्त्रालय।